# स्थानीय राजपत्र

| नौकुण्ड गाउँपालिका, रसुवाद्वारा प्रकाशित | | |
|---|---|---|
| खण्ड १ | संख्या ८ | मितिः २०७५/०३/२० |

भाग २

**नौकुण्ड गाउँपालिका**

नेपालको संविधानको धारा २१५ बमोजिमको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७५ सालको कार्यविधि संख्या ८


# नौकुण्ड गाउँपालिकाको व्यवसाय दर्ता कार्यविधि, २०७५

१. **संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम “**नौकुण्ड गाउँपालिका** व्यवशाय दर्ता कार्यविधि” रहनेछ ।

ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषाः** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) “व्यवसाय” भान्नाले **नौकुण्ड गाउँपालिका** भित्र संचालन हुने

नौकुण्ड गाउँपालिका, रसुवा

वस्तु तथा सेवा प्रदान गरी नगद आयआर्जन गर्न सक्ने सबै किसिमका सबै किसिमका पेशा वा कारोबारलाई सम्झीनु पर्दछ ।

ख) “दर्ता” भन्नाले नगरपालिका क्षेत्रभित्र संचालन भएका पेशा व्यवसायलाइ नगरपालिकाले अभिलेखिकरण गरी पेशा संचालन अनुमति दिने कार्यलाई बुझ्नु पर्दछ ।

ग) “नविकरण” भन्नाले व्यवसाय दर्ता गरिसकेपछि हरेक आ.व. को सुरुमा नगरपालिकाले निश्चित शुल्क लिइ अनुमति पुनः १ वर्षको लागि दिइने अनुमतिलाई बुझ्नु पर्दछ ।

घ) “आर्थिक ऐन” भन्नाले चालु आर्थिक वर्षको लागि **नौकुण्ड गाउँपालिकाको** नगरसभाले पारित गरेको आर्थिक ऐनलाई बुझ्नु पर्दछ ।

ङ) “गाउँपालिका” भन्नाले **नौकुण्ड गाउँपालिका**लाई सम्झनु पर्दछ ।

३. **दर्ता नगरी व्यवसाय गर्न नहुने:** गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यवसाय दर्ता नगरी संचालन गर्न पाइने छैन ।

४. **व्यवसाय दर्ता:**

क) व्यवसाय दर्ताको लागि हरेक वडाले आफ्नो वडा भित्र रहेका व्यवसायीहरुलाइ वडा कार्यालयबाट नै व्यवसायको वर्गिकरण गरी दर्ता गर्नेछ र अनुसुचि १ बमोजिमको प्रमाणपत्र प्रदान गर्नेछ ।

ख) व्यवसायको बर्गिकरण नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

ग) व्यवसायदर्ताको लागि तपशिल बमोजिमको कागजपत्र आवश्यक पर्नेछ

१. अनुसुचि २ बमोजिमको निबेदन

२. व्यवसायिको नेपाली नागरिकताको प्रतिलिपि, बिदेशिको

हकमा पासपोर्ट र नेपाल सरकारले व्यवसाय संचालन गर्न प्रदान गरेको अनुमतिपत्रको प्रतिलिपि,

३. २ प्रति फोटो

४. मु.अ. कर, प्यान वा अन्य निकायमा दर्ता भएमा सोको प्रमाणपत्रको प्रतिलिपि

५. घर वा जग्गा भाडामा लिई संचालन गरेको व्यवसायको हकमा सम्झौता पत्र तथा जग्गाको लालपुर्जाको छाँयाप्रति

घ) सामुहिक व्यवसायको हकमा समुहको सबै सदस्यको नागरिकताको प्रतिलिपि र संयुक्त निवेदन

ङ) व्यवसाय दर्ता शुल्क आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ।

**५. व्यवसाय नविकरण तथा दण्ड जरिवानाः**

क) गाउँपालिकाले हरेक आर्थिक वर्षमा दर्ता भएका व्यवसायलाई नविकरण गर्नेछ ।

ख) नविकरण गर्दा अनुसुचि ३ बमोजिमको ढाँचामा व्यवसायिले निवेदन वडा कार्यालयमा दिनुपर्ने छ र व्यवसाय नविकरण आर्थिक वर्षको पहिलो ३ महिना सम्म सम्बन्धित वडा कार्यालयबाट नै हुनेछ ।

ग) व्यवसाय नविकरण शुल्क आर्थिक ऐनमा तोकीए बमोजिम हुनेछ ।

घ) तोकिएको समय भित्र व्यवसाय नविकरण नगर्ने व्यवसायीलाई आर्थिक ऐनमा तोकिए बमोजिम दण्ड जरिवाना लिइ नविकरण गरिनेछ ।

**६. व्यवसाय बन्द गर्नेः**

क) गाउँपालिका भित्र दर्ता भएको व्यवसाय बन्द भएमा वा बन्द गर्नु

परेमा सम्बन्धित व्यवयसायीले अनुसुचि ४ बमोजिम निवेदन सम्बन्धित वडा कार्यालयमा दिनु पर्नेछ ।

ख) निवेदन प्राप्त भएपछि तपसिलको अनगमन समितिले अनुगमन गरी सिफारिश गर्नेछ ।

| | | |
|---|---|---|
| अ) | सम्बन्धित वडाध्यक्ष | संयोजक |
| आ) | सम्बन्धित वडाले तोकेको २ जना वडा सदस्य | सदस्य |
| इ) | सम्बन्धित वडाका वडा सचिव | सदस्य सचिव |

ग) सामितिबाट सिफारिस प्राप्त भएपछि सम्बन्धित वडाले सिफारिसको आधारमा व्यवसाय दर्ता खारेज गर्नेछ ।

**७. सम्बन्धित निकायमा समेत दर्ता हुनुपर्ने:**

क) यस कार्यविधि बमोजिम गाउँपालिका भित्र दर्ता भएका व्यवसायीहरु नेपाल सरकारले तोकेको अन्य निकायमा समेत दर्ता हुनु पर्नेछ ।

ख) यस कार्यविधि बमोजिम गाउँपालिकामा दर्ता भएका व्यवसाय संघीय कानुन अनुसारको दर्ता गर्न कुनै किसिमको छुट हुने छैन ।

## अनुसूची १

### दफा (७) सँग सम्बन्धित

# नौकुण्ड गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सरमथली, रसुवा

३ नं. प्रदेश, नेपाल

द.नं.:

**व्यवसाय दर्ता प्रमाण-पत्र**

श्री ................................

........................................

प्रस्तुत विषयमा तपाईलाई नौकुण्ड गाउँपालिकाको “व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७६” को दफा (७) बमोजिम यो प्रमाणपत्र प्रदान गरिएको छ। प्रचलित नियमानुसार उपभोक्ताको हित संरक्षण गरि मर्यादित तवरले आफ्नो व्यवसाय सञ्चालन गर्नुहुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| **व्यसायको प्रकार** | |
| **स्थान** | |

प्रमाणपत्र जारी गर्नेको

सही :

**नाम:**

**पद:**

कार्यालयको छाप

मिति :

नौकुण्ड गाउँपालिका, रसुवा

अनुसूचि ३

दफा ६ सँग सम्बधित

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू

नौकुण्ड गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

**विषय : व्यवसाय दर्ता गरी पाँऊ ।**

महोदय,

प्रस्तुत विषयमा मैले तपशित अनुसारको व्यवसाय संचालन गर्न इच्छुक रहेकोले नियमानुसार व्यवसाय दर्ता गरिदिनुहुन अनुरोध छ ।

व्यवसायको प्रकार :..............................................................

**संलग्न कागजातहरु**

१) हालसालै खिचेको २ प्रति फोटो

२) नागरिकता प्रमाण पत्रको प्रतिलिपी

३) वडा कार्यालयको सिफारिस

४) व्यवसाय संचालन हुने जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी

५) अर्काको नाममा जग्गा भए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा

६) उद्योगको हकमा संधियारको मञ्ज्जुरीनामा ।

७) उद्योग वाणिज्य संघको सिफारिसपत्र

निवेदक

नाम :

ठेगाना :

मिति :

**प्रमाणीकरण मितिः २०७५।०३।११**

**आज्ञाले,**

**हरिहर कार्की**

**प्रमुख प्रशासकीय अधिकृत**

लोकगुरु आयुर्वेदिक स्टडीज

नौकुण्ड गाउँपालिका, रसुवा